बैठक संख्या :- १५४
मिति :- २०८०।११।१६, बुधबार
समय :- बिहान ७:३० बजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाभी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुर्य प्रसाद दाहाल | सचिव (प्र.प्र.अ.) |

बैठक संख्या :- १५४
मिति :- २०८०/११/१६ (बुधबार)
समय :- विहान ७:३० बजे

## प्रस्तावहरु :

१. प्रदेश समपुरक तथा विशेष अनुदान कार्यक्रम छनोट सम्बन्धमा ।

२. कार्यविधि सम्बन्धमा ।
   क) बालगृह संचालन कार्यविधि, २०८०
   ख) बालविवाह विरुद्ध कार्यक्रम संचालन कार्यविधि, २०८०
   ग) सडक बालबालिका व्यवस्थापन कार्यविधि, २०८०

३. प्रदेश सरकारबाट हस्तान्तरीत एक वडा एक उत्पादन कार्यक्रम सम्बन्धमा ।

४. राष्ट्रपति रनिङ्ग शिल्डको खर्च अनुमोदन सम्बन्धमा ।

५. विज्ञान प्रयोगशाला तथा पुस्तकालय वितरण सम्बन्धमा ।

६. वडा शिक्षा समिति मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा ।

७. विद्यालय गाभ्ने तथा कक्षा घटाउने सम्बन्धमा ।

८. महामारी रोग विरुद्ध भ्याक्सिन खरिद तथा भ्याक्सिनेटरलाई पारीश्रमिक सम्बन्धमा ।

९. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गर्ने सम्बन्धमा ।

१०. एक वडा एक प्राथमिकता योजना सम्बन्धमा ।

११. सिन्धुलीगढी दुरबिन संचालन सम्बन्धमा ।

१२. विविध ।

कमलामाई नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

**मिति २०८० फाल्गुण १६ गते बसेको १५४ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं. १ :** प्रदेश समपुरक तथा विशेष अनुदान कार्यक्रम छनौट सम्बन्धमा ।

**निर्णय :** बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौंडाको च.नं. ५८०, मिति २०८०/१०/०२ को पत्र मार्फत आगामी आ.व. २०८१/०८२ को लागि प्रदेश समपूरक तथा विशेष अनुदान तर्फका कार्यक्रमको प्राथमिकिरण सहित प्रस्ताव माग भएकोमा यस नगरपालिकाको तर्फबाट देहाय बमोजिमका योजना/कार्यक्रमहरुको उल्लेख भए अनुसार प्राथमिककिकरण गरी नगरपालिकाबाट जनाउनु पर्ने लागत सहभागिताको प्रतिबद्धता सहित प्रस्ताव पठाउने साथै विस्तृत आयोजना प्रतिवेदन तयार नभएकाको हकमा प्रस्ताव स्वीकृत भएमा प्रतिवेदन तयार गरी कार्यान्वयन गराइने व्यहोरा समेत अनुरोध गर्ने ।

**क) समपूरक अनुदान तर्फ :**

१. एकपाखे-छतिवन-सिक्रे-तिनपाटन गा.पा. जोड्ने सडक स्तरोन्नती कार्य ।

२. माइस्थान, इश्वरपुर सडक स्तरोन्नती कार्य कार्य ।

३. चियाबारी-केवरे-केराबारी-बाँसकटेरी सडक स्तरोन्नती कार्य ।

४. धुराबजार, ग्वाङ्ग कोरिडोर सडक स्तरोन्नती कार्य ।

५. माइस्थान-भँडार-डाँडाटोल-दोभान-रुचानी हुँदै गागन सडक स्तरोन्नती कार्य ।

**ख) विशेष अनुदान तर्फ :**

१. धाराभञ्ज्याङ्ग सातपत्रे खानेपानी योजना ।

२. मिल्कीवे कार्यक्रम अन्तर्गत खानेपानी योजना, वडा नं. ४ र ५ ।

३. गौमती मा.वि. पूर्वाधार विकास ।

**प्रस्ताव नं. २ :** कार्यविधि सम्बन्धमा ।

**निर्णय :** निम्नानुसार कार्यविधिहरु स्वीकृती गर्ने निर्णय गरियो ।

क) बालगृह संचालन कार्यविधि, २०८०

ख) बालविवाह विरुद्ध कार्यक्रम संचालन कार्यविधि, २०८०

ग) सडक बालबालिका व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्ताव नं. ३ :** प्रदेश सरकारबाट हस्तान्तरीत एक वडा एक उत्पादन कार्यक्रम सम्बन्धमा

**निर्णय :** कृषि विकास निर्देशनालय/पशुपन्छी तथा विकास निर्देशनालयको समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयका लागि वडा छनोट सम्बन्धी सूचना अनुसार प्रस्ताव माग गरिएकोमा यस नगरपालिकामा विगत आ.व.हरु देखि नै उक्त कार्यक्रम संचालन भई रहेको र सोको लागि न.पा. को लागत साझेदारीमा बजेट अभाव भएको हुँदा उक्त कार्यक्रम यस न.पा. मा संचालन गर्न नसकिने व्यहोरा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :** राष्ट्रपति रनिङ्ग सिल्डको खर्च अनुमोदन सम्बन्धमा ।

**निर्णय :** नगरस्तरिय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८०/१०/०९ गते देखि मिति २०८० /१०/१३ सम्म सञ्चालन गर्दा र खेलाडीहरु जिल्ला स्तरीय प्रतियोगितामा पठाउँदा भएको कूल खर्च रु. ६,३४,७५०/-अक्षेरेपी छ लाख चौतिस हज्जार सात सय पचास मध्ये संघिय ससर्तवाट रु.१०००००/- भुक्तानी दिई अपुग भएको रु.५,३४,७५०/- अक्षेरेपी पाँच लाख चौतिस हजार सात सय पचासमात्र नगरपालिकाको फुटकर शीर्षकवाट दिइएको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :** विज्ञान प्रयोगशाला तथा पुस्तकालय वितरण सम्बन्धमा ।

**निर्णय :** यस कमलामाई नगरपलिकालाई आ. व.२०८०/०८१ मा प्राप्त संघिय ससर्त तर्फको विज्ञान प्रयोगशाला कार्यक्रम तपसिल वमोजिमका विद्यालयहरुलाई प्रदान गर्ने निर्णय गरियो।

१. श्री जनजागृती मा.वि.निवुवाटार कनपा-२
२. श्री कालिका मा.वि.धमिलेजरायोटार कनपा-११
३. श्री शिखर मा.वि.वेल्टार कनपा-१

पुस्तकालय सम्वन्धमा

यस कमलामाई नगरपलिकालाई आ. व.२०८०/०८१ मा प्राप्त संघिय ससर्त तर्फको विद्यालयकमा पुस्तकालय स्थापना कार्यक्रम तपसिल वमोजिमका विद्यालयहरुलाई प्रदान गर्ने निर्णय गरियो।

१. श्री मा. वि. वाँझे कनपा-१२
२. श्री जलकन्या मा. वि. चपौली-३
३. श्री कमला मा.वि. तिनतले कनपा-८

**प्रस्ताव नं. ६ :** वडा शिक्षा समिति मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय :** विद्यालयका कामकारवाही तथा वडाभित्र रहेको समग्र शैक्षिक सुधार तथा व्यवस्थापन गर्न र विद्यालयको शैक्षिक गतिविधिलाई व्यवस्थित गर्न नगरपालिकाले वडा शिक्षा समिति गठन मापदण्ड स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ७ :** विद्यालय गाभ्ने तथा कक्षा घटाउने सम्बन्धमा ।

**निर्णय :** कमलामाइ नगरपालिका अन्तरगत सञ्चालनमा रहेका विद्यालयहरुमा विद्यार्थी संख्या अत्यन्तै न्यून रहेको र कुनै कक्षामा विद्यार्थीनै नभएको हुँदा सेवा सुविधाका दृष्टिकोणले र महालेखा परीक्षकबाट खटिएर आएका मलेपको टोलीले समेत मर्ज गर्न र कक्षा घटाउन सुझाव दिएको आधारमा तपसिलका विद्यालयलाई मर्ज गर्ने र कक्षा घटाउने भन्ने निर्णय गरियो । यसको कार्यान्वयन आगामी शैक्षिक सत्रदेखि हुनेछ । गाभिएर जाने विद्यालयको चलअचल सम्पत्ती सम्बन्धित वडाको सिफारीसमा गाभ्ने विद्यालयको स्वामित्वमा रहने निर्णय गरियो ।

| **नीतिगत रुपमा मर्जर गर्नु पर्ने विद्यालयहरु :** | **गाभिएर अर्को विद्यालयमा जानेको नामावली** |
|---|---|
| १. श्री भद्रकाली प्रा.वि. ढुङ्ग्रेभञ्ज्याङ | १. मा.वि. पिपलभञ्ज्याङ्ग |
| २. श्री ठाकुरदेवी प्रा.वि. दर्लामी बोगटी | २. जनज्योति मा.वि. फोस्रेटार |
| ३. श्री ज्ञानमाला प्रा.वि. गौतमटोल | ३. जलकन्या मा.वि. चपौली |
| ४. श्री प्रा.वि. बाटोनिगाले | ४. प्रा.वि. प्रतापेभञ्ज्याङ्ग |
| ५. श्री जनज्योति प्रा.वि. गुम्बाचौर | ५. शिखर मा.वि. बेलटार |
| ६. श्री प्रा.वि. भडार | ६. कमला मा.वि. करकरे |
| ७. श्री जनसिर्जना प्रा.वि. गौरङ्टोल | ७. प्रगतिशिल मा.वि. धामिडुमरीया |
| ८. श्री नमोबुद्ध प्रा.वि. तेर्सेखड्कुले | ८. कालिका मा.वि. धमिलेजरायोटार |
| ९. श्री प्रा.वि. हातीगौडा | ९. जनजागृति मा.वि. टंसार |
| १०. श्री कुसुम प्रा.वि. कुसुमटार | १०. चण्डेश्वरी मा.वि. डाँडी |
| ११. श्री पञ्चकन्या प्रा.वि. ऐंसेलुजंघार | ११. गौमती मा.वि. माढीबजार |
| १२. श्री बागेश्वरी प्रा.वि. बागछेडा | १२. कमला मा.वि. तिनतले |

कक्षा घटाउनु पर्ने विद्यालयहरु शैक्षिक सत्र - २०८१

१. श्री कमलकन्या प्रा वि. माझबोहोरे कक्षा ५ बाट कक्षा ३ मा झार्ने

२. श्री बंबेश्वर आ.वि.बुत्ती खट्टार कक्षा ८ बाट कक्षा ५ मा झार्ने

३. श्री कालीका प्रा.वि. पोखरेलगाउँ कक्षा ५ बाट कक्षा ३ मा झार्ने

४. श्री आ.वि. बासकटेरी कक्षा ७ बाट कक्षा ५ मा झार्ने

५. श्री देउराली प्रा.वि. सातपत्रे कक्षा ५ बाट कक्षा ३ मा झार्ने

६. श्री लालीगुराँस प्रा.वि. मझिनीदमार कक्षा कक्षा ५ बाट कक्षा ३ मा झार्ने

७. श्री देउराली प्रावि सातपत्रे कक्षा ५ बाट कक्षा ३ मा झार्ने

**प्रस्ताव नं. ८ :** महामारी रोग विरुद्ध भ्याक्सिन खरिद तथा भ्याक्सिनेटरलाई पारीश्रमिक सम्बन्धमा ।

**निर्णय :** पशुपन्छीको विभिन्न प्राणघातक महामारी रोग विरुद्ध भ्याक्सिन खरिद तथा भ्याक्सिनेटरलाई पारिश्रमिक दिनको लागि चालु भैपरी आउने शिर्षकबाट रु. ५,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :** सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गर्ने सम्बन्धमा ।

**निर्णय :** कमलामाई नगरपालिका अन्तर्गत काम गर्ने शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिहरुले शैक्षिक सत्र २०८१ देखि अनिवार्य रुपमा आफ्ना छोराछोरीहरुलाई सामुदायिक विद्यालयहरुमा भर्ना गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० :** एक वडा एक प्राथमिकता योजना सम्बन्धमा ।

**निर्णय :** एक वडा एक प्राथमिकता अन्तर्गत वडा नं. ९ को लागि तपसिल बमोजिमको योजना संचालन गर्ने निर्णय गरियो ।

१. कमला सुके सिंचाई कुलो बाँसखोला देखि सन्तोष गिरीको खेतसम्म स्तरोन्नती : रु. २ लाख

२. मदन भण्डारी राजमार्ग देखि प्रतिक्षा मगरको घरहुँदै सुके खोलासम्म बाटो स्तरोन्नती : रु. २ लाख

३. भिमान बजारबाट स्कलर्स बोर्डिङ्ग जाने बाटो स्तरोन्नती : रु. ४ लाख

**प्रस्ताव नं. ११ :** सिन्धुलीगढी दुरबिन संचालन सम्बन्धमा ।

**निर्णय :** सिन्धुलीगढीमा दृश्यावलोकन गर्ने उद्देश्यले स्थापित दुरबिन संचालनमा आउने भएको र उक्त दृश्यावलोकन गर्न रु. १०।- को २ मिनेटको दरले शुल्क निर्धारण गर्ने र उक्त शुल्कलाई आगामी नगरसभाबाट अनुमोदन गर्ने ।